बैठक संख्या-

आज मिति २०७४ साल कार्तिक २३ गते विहिबारका दिन अर्जुनधारा नगरपालिकाका श्रीमान नगरप्रमुख हरिकुमार रानाज्यूको अध्यक्षतामा अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक देहाय सदस्यहरुको उपस्थितीमा बसी निम्नानुसार विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

१। नगरप्रमुख, श्री हरिकुमार राना, अध्यक्ष
२। नगर-उपप्रमुख, श्री कमला खतिवडा आचार्य, सदस्य
३। वडाध्यक्ष, श्री गजाधर खतिवडा, सदस्य
४। वडाध्यक्ष, श्री रघुनाथ खनाल, सदस्य
५। वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, सदस्य
६। वडाध्यक्ष, श्री दुर्गाप्रसाद दाहाल, सदस्य
७। वडाध्यक्ष, श्री ध्यानबहादुर भारती, सदस्य
८। वडाध्यक्ष, श्री लोकनाथ गौतम, सदस्य
९। वडाध्यक्ष, श्री नवराम ढुङ्गाना, सदस्य
१०। वडाध्यक्ष, श्री गोपिचन्द्र गौतम, सदस्य
११। वडाध्यक्ष, श्री पुष्पकुमार प्रसाई, सदस्य
१२। वडाध्यक्ष, श्री बलदेव सिंह गोम्देन, सदस्य
१३। वडाध्यक्ष, श्री भैरवबहादर खड्का, सदस्य
१४। न.स.स., श्री शकुन्तला बराल, सदस्य
१५। न.स.स., श्री शारदाकुमारी भट्टराई, सदस्य
१६। न.स.स., श्री हरिमाया भण्डारी, सदस्य
१७। न.स.स, श्री लक्ष्मी तामाङ्ग, सदस्य
१८। न.स.स., श्री दिलमाया शिवा, सदस्य
१९। न.स.स. श्री रमेशकुमार दर्जी, सदस्य
२०। न.स.स., श्री खिनमान दर्जी, सदस्य
२१। न.स.स., श्री दिलिप गुरुङ्ग, सदस्य
२२। कार्यक्रम अधिकृत, श्री हिमराज सेढाई,
२३। प्रशासकीय अधिकृत, श्री डेनजनी आचार्य

क्रमशः

निर्णय नं. १.

बजेट तर्जुमा समितिबाट प्रस्तुत भएको चालु आ.व. २०७४/०७५ को प्रस्तावित नीति तथा कार्यक्रम ,अर्जुनधारा नगरपालकाको विनियोजन ऐन, २०७४,एवं विशेष प्रस्ताव उपर छलफल गरी आवश्यक निर्णयार्थ मिति २०७४/०८/०३ मा बस्ने अर्जुनधारा नगरपालिकाको नगरसभा मा लैजाने निर्णय गरियो ।

निर्णय नं. २

राष्ट्रिय विभूती महागुरु फाल्गुनन्दको जन्मजयन्ती मिति २०७४/०७/२५ गते शनिवार भव्यताका साथ मनाउन सम्पूर्ण नगरवासीमा आह्वान गर्ने तथा सो दिन नगरक्षेत्रमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।साथै, मिति २०७४/०८/०१ गते पर्ने बालाचतुर्दशीको पावन अवसरमा पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वर धाममा लाग्ने महापुराणलाई समेत मध्यनजर गरी धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन उक्त दिन अर्जुनधारा नगरक्षेत्रमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं. ३

यस अर्जुनधारा नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आफ्नो जिम्मेवारीप्रति लगनशिल,कर्तव्यनिष्ठ बनाउन निजहरुको कार्य सम्पादन मूल्याङ्कन गरी मौद्रिक एवं गैर मौद्रिक रुपमा प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाउने तथा कार्य सम्पादनका आधारमा चेतावनी ,नसिहत तथा दण्ड समेत गर्ने गरी आवश्यक व्यवस्था मिलाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

अर्जुनधारा नगरपालिकालाई सन् २०१७ भित्र खुला दिशामुक्त नगर घोषणा गर्नका लागि UN HABITAT सँगको सहकार्यमा सञ्चालन भईरहेको कार्यक्रम अन्तर्गत साविक शनिअर्जुन नगरपालिका तर्फका हालका वडा नं. ४ देखि ११ नं वडामा

UN HABITAT सँगको सहयोगमा सरसफाई कोष स्थापना गर्न नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने प्रत्येक वडामा रु २५ हजारका दरले र नगरपालिकामा रु. ७५ हजार रकमको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५

यस अर्जुनधारा नगरपालिकाका कार्यकारी अधिकृत श्री राधाकृष्ण खतिवडा ज्यूका पूजनिय पिताश्री देवीप्रसाद खतिवडाज्यूको मिति २०७४/०७/१३ गते भएको असायिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनप्रति शोक समवेदना व्यक्त गर्दछौं ।